मिति: २०७७/१०/१८

# प्रेस बिज्ञप्ति

उपरोक्त सम्बन्धमा पशु सेवा विभागको मिति २०७७-१०-१७ गते प्रकाशित बर्ड फ्लु सम्बन्धि प्रेस विज्ञप्तिअनुसार काठमाण्डौ जिल्लाको तार्केश्वर नगरपालिका, वडा नं ७ सांगलेखोला, फुटुंगका स्थानिय कृषकहरुले पालेका टर्कि र हाँसमा बर्ड फ्लु ( H5N8) पुष्टि भै सकेको छ। बिशेष गरी चराहरुलाई असर गर्ने यो भाइरसले मानव स्वास्थ्यमा समेत केहि जोखिम पार्न सक्ने सम्भावना रहन्छ। **इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले** मानवमा हुन सक्ने सम्भावित संक्रमणलाई मध्यनजर गर्दै उक्त क्षेत्रमा स्थानिय निकायको समन्वयमा आवश्यक निगरानी बढाएको छ। बर्ड फ्लु फेला परेको स्थान नजिक वा सो क्षेत्रको वरपर बसोबास गर्ने आम नागरिकहरुले निम्न कुराहरुमा ध्यान पुर्याउन स्वास्थ्य सेवा बिभाग, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अपिल गर्दछ :

- सो स्थान वा वरपर कुनै पनि पंक्षीको संकास्पद मृत्यु भएमा तुरुन्त सम्बन्धित निकायलाई जानकारी गराउनु हुन।
- पंक्षीहरुसंग हालका दिनमा सम्पर्कमा आएका कुनै पनि व्यक्तिलाई ज्वरो वा रुघाखोकीका लक्षणहरु देखा परेमा तुरुन्त नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नु हुन।
- उक्त स्थान वरपर रुघा खोकीको लक्षण भएका व्यक्तिहरुसंग सावधानीका साथ सम्पर्क गर्नु हुन।
- पंक्षीहरुसंग काम गर्नु परेमा आवश्यक व्यक्तिगत सुरक्षाका उपायहरु अवलम्बन गर्न हुन।
- पंक्षीको मासु तथा अन्डालाई राम्रोसंग पकाएर मात्र खानु हुन।

**पुनश्च** : यस सम्बन्धमा थप अन्य कुनै जानकारी आवश्यक परेमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको टोल फ्री नं : १११५ मा (बिहान ६:०० बजे देखि राति १०:०० बजे सम) सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
टेकु, काठमाण्डौ

महानिर्देशक
स्वास्थ्य सेवा बिभाग
टेकु, काठमाण्डौ

Scanned with CamScanner